आज मिति २०७९ साल भाद्र २८ गते का दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठ ज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारी तथा कर्मचारिहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेश चन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गीता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम वहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिँह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन वहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम वहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन दुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग वहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र वहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर वहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्वर वहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र वराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | सुदिप श्रेष्ठ | सहायक कम्प्यूटर अपरेटर | |
| २७ | मोहन बहादुर पौडेल | अधिकृत छैठौं | |
| २५ | विनोद कुमार धमाला | रा. संयोजक | |
| २६ | | | |

एजेन्डा

१. कार्यविधिहरु स्वीकृत गर्ने सम्वन्धमा
   क. साना सवारी दर्ता नविकरण र व्यवस्थापन कार्यविधि, २०७९
   ख. कटारी वजार अनुगमन निर्देशिका, २०७९
   ग. स्थानीय हाटवजार सञ्चालन कार्यविधि, २०७९
   घ. साना सिँचाई आयोजना सञ्चालन निर्देशिका, २०७९
२. उपभोक्ता समितिका अध्यक्षहरुलाई तालिम सम्वन्धमा
३. वडा सचिवहरुलाई तालिम सम्वन्धमा
४. दहतर बहतर (ढुगां गीट्टी बालुवा) उत्खनन् संकलन विक्री र निकासी सम्वन्धमा
५. डेगीं नियन्त्रण सम्वन्धमा
६. कर्मचारीहरुको तलव भता सम्वन्धमा
७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा
८. SIP का आयोजना सम्वन्धमा
९. पुराना आयोजना भूक्तानी सम्वन्धमा
१०. विविध

निर्णय नं. १

नगरपालिकाको सेवा प्रवाहलाई सहज, सरल र प्रभावकारी बनाउन देहायवमोजिमको कार्यविधिहरु स्वीकृत गरी कार्यन्वयनको लागि सम्वन्धित शाखा तथा कर्मचारीलाई सम्वन्धमा ।

क. साना सवारी दर्ता नविकरण र व्यवस्थापन कार्यविधि, २०७९
ख. कटारी गरिने बजार अनुगमन निर्देशिका, २०७९
ग. स्थानीय हाटवजार संचालन कार्यविधि, २०७९
घ. साना सिँचाई आयोजना संचालन निर्देशिका, २०७९

निर्णय नं. २

नगर सभावाट स्वीकृत भएका आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको सम्झौता, भूक्तानी र अन्य प्रशासनिक प्रक्रियाहरुवारे उपभोक्ता समितिका अध्यक्ष र सचिवहरुलाई क्षमता विकास तालिम मिति २०७९ असोज १ गते तल्लो भेगका वडा न. १, २, ३, ४, ५, ६, ७ र १२ का लागि नगरपालिकामा र असोज २ गते गर्ने वडा न. ८, ९, १०, ११, १३ र १४ का लागि वडा न. ११ को वेतिनीमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

स्थानीय सरकारको काम कर्तव्य र अधिकार, योजना तर्जुमा, कार्यालय व्यवस्थापन, जिन्सी व्यवस्थापन, राजस्व संकलन तथा परिचालन, प्रतिवेदन लेखन जस्ता विषयमा सबै वडासचिवहरुलाई २०७९ भाद्र ३० र ३१ गते नगरपालिकामा २ दिने क्षमता विकास तालिम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नगरपालिका मिति २०७९ असोज १ गतेदेखि दहतर बहतर (ढुगां गीट्टी बालुवा) उत्खनन् संकलन बिक्री र निकासी खुल्ला गर्नुपर्ने भएकोले नगरपालिकाद्वारा टेन्डर आव्हान गरी टेन्डर सम्झौता नभइन्जेल नगरपालिकाकै जनशक्ति (नगर प्रहरी तथा दमकल फाइटर) खटाई नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दररेटको आधारमा १४१ प्रति घनमिटर र ककरु खोलाको हकमा प्रति ट्याक्टर रु २०० र टिपर रु ५०० का दरले अमानतमा रकम संकलन गर्ने निर्णय गरियो।

निर्णय नं. ५

डेंगी महामारी फैलेर बिरामीको सङ्ख्या बढिरहेको सन्दर्भमा डेंगी नियन्त्रणको विभिन्न उपायहरु अवलम्बन गर्ने साथै बढी प्रभावित क्षेत्रमा किटनाशक औषधि छर्कन २ थान मेसिन खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नगरपालिकामा स्थायी, स्थानीय स्थायी, करार र डोरहाजिरी प्रकृतिका कर्मचारीहरु विभिन्न पद तथा श्रेणीमा कार्यरत रहेकोमा एउटै पद तथा श्रेणीमा रहेका कर्मचारीहरुको तलब सुविधा फरक फरक देखिएको हुँदा देहायबमोजिम पदमा कार्यरत कर्मचारीको तलब सुविधामा एकरुपता ल्याउन २०७९ साल श्रावण १ गतेदेखि लागू हुने गरी केहि प्रतिशत थप गर्ने निर्णय गरियो साथै बाँकि अन्य कर्मचारीहरुको हकमा नेपाल सरकारको बजेट वक्तव्य २०७९/८० बमोजिम नै हुने निर्णय गरियो।

| क्र.सं. | दर्जा | खाईपाई आएको तलब स्केल | हाल कायम भएको तलब स्केल | कैफियत |
|---|---|---|---|---|
| १ | अनमी | २३६००.०० | २५०००.०० | |
| २ | बरिष्ठ नगर प्रहरी | २४०१०.०० | २६४००.०० | |
| ३ | नगर प्रहरी | २२६८०.०० | २४५००.०० | |
| ४ | नगरपालिका का.स. | २१४८०.०० | २२५००.०० | मिति २०७४ साल भन्दा अगाडी नियुक्ती भई न.पा.को लेखा शाखा र प्र.प्र.अ. क्वाटरमा कार्यरत का.स.हरुको |

| | | | | |
|---|---|---|---|---|
| | | | | हकमा नेपाल सरकारको बजेट वक्तब्य बमोजिम हुने छ । |
| ५ | चौकिदार | १२०००.०० | १३२००.०० | |
| ६ | अग्नी नियन्त्रक | २१५००.०० | २४५००.०० | |
| ७ | समाजिक परिचालक | १९०००.०० | २१८००.०० | |
| ८ | स्वास्थ्य चौकी का.स. | १७०००.०० | १९५००.०० | |
| ९ | अस्पताल का.स. | ११६००.०० | १३०००.०० | |

निर्णय नं. ७

आर्थिक वर्ष २०७९/८० को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मन्त्रालयबाट बजेट र बेरोजगारीहरुको प्राथमिकताक्रम सूचि प्राप्त भइसकेको र यस नगरपालिकाका वडाहरुबाट समेत माग बमोजिमका आयोजनाहरु प्राप्त भइसकेको सन्दर्भमा ती आयोजनाहरुमध्येबाट तपशिल बमोजिमका आयोजनाहरु छनौट गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

| क्र. स. | वडा न. | आयोजनाहरुको नाम | छनौट भएका बेरोजगार संख्या | बजेट रु | कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | १ | गुराँस हुँदै खसिबास एक्लेसल्ला सडक स्तरोन्नती | १० | ५४८१५०.०० | प्र.रो.का. |
| २ | | कालिखोला पोखरिया सडक स्तरोन्नती | | | |
| ३ | २ | माझिटोल बाटो मर्मत तथा सरसफाई र हरियाली पार्क सरसफाई आयोजना | १० | ५४२३८०.०० | |
| ४ | | कल्याणपुर मा. वि. मर्मत तथा मठ मन्दिर सरसफाई | | | |
| ५ | ३ | ताराघारी महादेव गुफा सरसफाई तथा बाटो निर्माण | १० | ५४८१५०.०० | |
| ६ | | कटारी बजार भित्रका नाला सरसफाई पहिलो, दोश्रो र तेश्रो लाईन | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ४ | कटारी मरुवा ४ स्थित सिद्धिचरण राजमार्गदेखि पूर्व मरुवा मा. वि. जाने बाटो स्तरोन्नती | १० | ५४८१५०.०० | |
| ८ | | कटारी ४ स्थित गबुवा जुरेली डाँडा जाने बाटो स्तरोन्नती | | | |
| ९ | ५ | खाडीखोप रिङ्गरोड सडक मर्मत सम्भार | १० | ५४८१५०.०० | |
| १० | ६ | आँपटार देखि बगपति गौतम टोल सम्म सडक मर्मत | १० | ५४८१५०.०० | |
| ११ | | मदनभण्डारी राजमार्ग देखि जाँतिचौरी गाउँ सम्म सडक निर्माण आयोजना | | | |
| १२ | ७ | कटारी ७ बेलकोट देउलीकुना गोरेटो बाटो निर्माण | १० | ५४२३८०.०० | |
| १३ | ८ | सिरुवानी रातमाटे रानीडाँडा मोटर बाटो मर्मत निर्माण | १० | ५४८१५०.०० | |
| १४ | | हलदे घुम्ती मोटर बाटो मर्मत निर्माण | | | |
| १५ | ९ | खोलागाँऊ आहाले सडक मर्मत | १० | ५४८१५०.०० | |
| १६ | १० | गिजिनचौर वडा कार्यालय हुँदै दशमुरे मोटरबाटो मर्मत | १० | ५७७०००.०० | युवारुप |
| १७ | | पाल्सिङ दशमुरे चिप्टार सोता मोटरबाटो मर्मत | | | |
| १८ | ११ | गहुँबारी चोक देखि वडा कार्यालयसम्म ढुँगा सोलिङ्ग र नाली निर्माण | १० | ५७७०००.०० | युवारुप |
| १९ | | सिर्वानी गाउँबाट धारा सम्म सडक स्तरउन्नत र नाली निर्माण | ०४ | २१९२६०.०० | प्र.रो.का. |
| २० | १२ | बिसाउना खड्कुले सानोउकाली चिलाउने सडक मर्मत | | ५४८१५०.०० | |
| २१ | १३ | गोकुले हेल्थ पोस्ट वडा कार्यालय सडक मर्मत | १० | ५७७०००.०० | युवारुप |
| २२ | | गोकुले चौकीभञ्ज्याँग मा.वि. मयाँखु सडक मर्मत | | | |
| २३ | १४ | लेखानी (पोखरी) बजारबाट स्वास्थ्यचौकी जाने सडक स्तर उन्नती | १० | ५७७०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | | बाँसबारी बाट भालूखोला सडक स्तर उन्नती | | | |

## निर्णय नं. ८

क. नगरक्षेत्र भित्रका बस्ति स्तरबाट योजना माग फारम भरि वडा कार्यालयको सिफारिस सहित प्राप्त भएका तपसिल बमोजीमका साना सिंचाई योजनाहरुको मागलाई साना सिचाइ कार्यक्रम गाईघाटमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | ठेगाना | जग्गाको क्षेत्रफल |
|---|---|---|---|
| १ | भैसे खोला खाल्टे कुलो सिंचाई | क.न.पा. ९, भदौरे | ७४ रोपनी |
| २ | गडमे खोला डहर सिंचाई योजना | क.न.पा. ९, सुन्दरपुर | ११६ रोपनी |
| ३ | ठूलो खोला देखि आँपडाँडा हुदै खोला गाउँ सिंचाई योजना | क.न.पा. ९, भटमासे खोला गाउँ | १०५ रोपनी |
| ४ | रानीखोला देखि भञ्याँङ्ग सिंचाई योजना | क.न.पा. ९, कालिखोला | ११८—३—० |
| ५ | आहाले ठूलो खोला सिंचाई आयोजना | क.न.पा. ९, आहाले | १०१ रोपनी |
| ६ | सत्र कोठु सिंचाई योजना | क.न.पा. १, खसिबास | ४—७—० |
| ७ | चुवाबोटे सिंचाई कुलो | क.न.पा. ४, अड्डाकुना | २१—१—० |
| ८ | मरुवा भंगालो कृषि सिंचाई कुलो | क.न.पा. ४, विजेले अड्डाकुना | २३—८—० |
| ९ | सिमलटार दुम्से सिंचाई कुलो | क.न.पा. ४, सिमलटार | ४५—०—० |
| १० | गबुवा खाँडी तित्रीबोट सिंचाई कुलो | क.न.पा. ४, गवुवा भगवानपुर | ९—९—० |
| ११ | मरुवा ओख्ले सिंचाई कुलो | क.न.पा. ४, मरुवा | २३—८—० |
| १२ | ओख्ले देविथान आइतवारे कुलो सिंचाई योजना | क.न.पा. ४, काठेपुल | ३७—०—० |
| १३ | माझखर्क सिंचाई कुलो निर्माण | क.न.पा. ८, माझखर्क | ' |
| १४ | मरुवा खोला साँगुरी मुहान देखि मरुवाटार कुलो योजना | क.न.पा. ८, मरुवाखानी आहाले | ३—२—० |
| १५ | धमिले गर्दने सिंचाई योजना | क.न.पा. ८, गर्दने थलियाटार | ५६० रोपनी |
| १६ | गडमे भुसुने सिंचाई कुलो | क.न.पा. ६, भुसुने | १३—५—० |
| १७ | माथिल्लो साँगुरी कुलो सिंचाई योजना | क.न.पा. ६, बाँकेटार, चुहाडे, सोमबारे भोर्ले | २९—१—० |
| १८ | धप्पर साना सिंचाई कुलो निर्माण | क.न.पा. ६, धप्पर | १७—०—० |
| १९ | ढाडेचौरी सिंचाई योजना | क.न.पा. ६, ढाडेचौरी | ११—५—० |
| २० | नारीमबोटे कुलो निर्माण सिंचाई योजना | क.न.पा. १०, छाँङ्गेटार | ५२ रोपनी |
| २१ | रसुवा पाडरे कुलो | क.न.पा. १०, पाडरे | ५५ रोपनी |
| २२ | जिराइत माझीगाउँ मुलकुलो सिंचाई योजना | क.न.पा. ७, देउलीकुना, रतनपुर र माझीगाउँ | ६—१६—० |
| २३ | तिनतले वीच कुलो हुँदै सिमलगाछी सिंचाई योजना | क.न.पा. ५, तिनतले | ११—४—० |

| | | | |
|---|---|---|---|
| २४ | नागदह बसेरी सिंचाई कुलो | क.न.पा. १२, बसेरी | ११६ रोपनी |
| २५ | खन्नेदोभान सिंचाई कुलो | क.न.पा. १२, खन्नेखोला | १५५ रोपनी |
| २६ | कन्टयाङ्गे कुलो योजना | क.न.पा. १२, बसेरी | ११३ रोपनी |
| २७ | फेदीखेत सिंचाई कुलो | क.न.पा. १२, बसेरी | ४६ रोपनी |
| २८ | फडिरे सिंचाई कुलो | क.न.पा. १२, फडिरे | |
| २९ | सिन्कौले खोला सिंचाई कुलो | क.न.पा. १२, सिन्कौले | ८२ रोपनी |

ख. साना सिंचाई कार्यक्रम अन्तर्गत सम्पन्न भएका सिंचाई योजनाहरुमा कृषी प्रसार तथा कृषी विकासका कार्यक्रमहरु लागु नगरपालिकाले गर्ने समझदारी भएको हुनाले हाल सम्म कार्यान्वयनमा गएका जम्मा ३० वटा सिंचाई योजनाहरुमा कृषी प्रसारका कार्यक्रम लागु गर्नको लागी आवश्यक बजेटको सुनिश्चितताको लागी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ९

आर्थिक वर्ष २०७८/७९ मा काम भएका तर बजेटको अभावले गर्दा भूक्तानी गर्न बाँकी आयोजनालाई नगरसभाले बजेट स्वीकृत गरेको र सो कामको अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७९/०४/१५ को कार्यपालिकाको बैठकले नगर उपप्रमुखको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरेकोमा उक्त कार्यदलले पेश गरेको प्रतिवेदन माथि गहन छलफल गरी तपशिल बमोजिमको आयोजनालाई भूक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम, वडा र स्थान | कार्यान्वयनको प्रकृया/ सम्झौता भएको मिति | अनुदानको स्रोत | न.पा. बाट विनियोजित रकम | पेश्की/ रनिङ्ग बिलको अवस्था | भौतिक प्रगतिको स्थलगत अवस्था | प्राविधिक मूल्यांकन अनुसार खुद भुक्तानी दिनु पर्ने रकम रु. | अनुगमन गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | मदन भण्डारी रोड देखि वैद्यनाथेश्वर सडक मर्मत, वडा नं. ६ | उ.स./ २०७८।०९।२९ | नगर स्तरीय | १२,७२,६९५।१३ | नलिएको | वैद्यनाथ खोलाबाट गुफा सम्म आउने बाटो ग्राभेल गरेको, गुफा क्षेत्रमा ट्रस्टको भवन निर्माण गरेको, गुफा रहेको पाखाभिर सम्म पुग्ने रेलिङ सहितको पक्की खुड्किला भएको भर्याङ निर्माण भएको पाईयो । | प्राविधिक बिल अनुसार | २०७९।०५।०१ |
| २ | माथिल्लो सौंधुरी सिंचाई कुलो निर्माण, वडा नं. ६ | उ.स./ २०७८।०८।२१ | नगर स्तरीय | ७,३२,५०४।१४ | प्रथम रनिङ्ग बिलबाट रु. ४,९१,९५५। | उपभोक्ता समितिबाट शत् प्रतिशत कार्य सम्पन्न भएको पाईयो । | २,०४,६०३। | २०७९।०५।०१ |
| ३ | प्रगति टोल नाला निर्माण वडा नं.०४ | उ.स. मार्फत/ २०७८/११/०९ | नगर स्तरीय | २,२५,७०६।०१ | नलिएको | करिब ४४ मिटर नाली निर्माण भएको । | २,१३,९१०।०१ | २०७९।०५।०१ |
| ४ | विभिन्न सडक निर्माण योजना वडा नं. १४ | उ.स. मार्फत/ २०७९।०२।३१ | वडा स्तरीय | ६,००,०००। | नलिएको | स्टिमेट बमोजिम ट्र्याक खोल्ने काम भएको तर वर्षातको कारण माथिबाट झरेको पहिरोले ठाउँठाउँमा बाटो अवरोध गरेको । | ५,७०,०००। | २०७९।०५।१७ |
| ५ | खेल मैदान निर्माण भदौरे, वडा नं. १४ भदौरे | उ.स. मार्फत/ २०७९/०१/११ | वडा स्तरीय कार्यक्रम | ११,००,०००। | नलिएको | करिब १०० मिटर लम्बाई रहेको मैदान निर्माण गर्न करिब ३० मिटरको अग्लो थुम्कालाई ३ स्टेपमा कटिङ गरिएको । पहिलो स्टेप १००*२५*१२ घन मि., दोस्रो स्टेप ५०*८*८ घन मि. र तेस्रो स्टेप ५०*३०*१० घन मि. डाँडा कटिङ्ग गरिएको शत् प्रतिशत काम भएको पाईयो । | ९,५०,०००। | २०७९।०५।१७ |
| ६ | वल्लो सल्लेनी, माथिल्लो भदौरे, रमाइलो डाँडा, डाँडागाउँ, सल्ला किसौना सडक मर्मत वडा नं. १४ | उ.स. मार्फत/ २०७८/१२/२२ | वडा स्तरीय | १०,००,०००। | नलिएको | स्टिमेट बमोजिम ट्र्याक खोल्ने काम भएको तर वर्षातको कारण माथिबाट झरेको पहिरोले ठाउँठाउँमा बाटो अवरोध गरेको । | ९,५०,०००। | २०७९।०५।१७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | परशुराम गौरीकुण्ड निर्माण (पर्यटन पूर्वाधार विकास चनौटे झरना गौरीकुण्ड बगान), वडा नं. १४, गौरीकुण्ड | उ.स. मार्फत/ २०७९।०२।३१ | वडा स्तरीय कार्यक्रम | २,००,०००। | नलिएको | चनौटे खोल (सिद्धिचरण राजमार्ग छेउ) स्थित झरना रहेको स्थानमा उ.स. बाट गुफा निर्माण, विभिन्न देवीको मूर्ति, शिव लिङ्ग स्थापना गरेको । सडकबाट झरना सम्म जाने बाटोमा पक्की सिँढी निर्माण भएको । शत् प्रतिशत कार्य सम्पन्न भएको पाईयो । | १,९०,०००। | २०७९।०५।१७ |
| ८ | ठूलो ददरिया खेलमैदान स्तरोन्नति, वडा नं. २, ठूलो ददरिया | उ.स. मार्फत/ २०७८।०७।२८ | नगर स्तरीय | १,९०,०००। | नलिएको | उपभोक्ता समितिबाट शत् प्रतिशत कार्य सम्पन्न भएको पाईयो । | १,९०,०००। | २०७९।०५।२२ |

निर्णय नं. १० (विविध)

क. अविरल बर्षाका कारण वडा नं. ८ मा अवस्थित श्री जनप्रिय आधारभूत विद्यालय कुरिङ्गभन्ज्याङ्गको नवनिर्मित २ कोठे भवन अति जोखिममा रहेको हुदाँ सो भवनलाई थप क्षेति हुनवाट जोगाउन नगर स्तरीय कार्यक्रम शिर्षकवाट खर्च हुने गरी प्राविधिक ल.ई बमोजिम मेशिनरी वाल वनाउने निर्णय गरियो ।

ख. कटारी नगरपालिका वडा नं. २ स्थित त्रिवेणी खानेपानी तथा सरसफाईको वद्युत सर्ट भई मिटरमा आगलागी भएकाले खानेपानी सञ्चालन भएकाले उक्त क्षेत्रका वासिन्दाहरुलाई खानेपानीको अभाव भएकाले विल भर्पाईको आधारमा मर्मत गरी उक्त खानेपानी आयोजना सञ्चालन गर्न नगर कार्यक्रमवाट खर्च हुने गरी रु ४००००।- (चालीस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ग. यस न.पा. का विभिन्न वडाहरुवाट आर्थिक अवस्था कमजोर भई औषाधि उपचार गराउन नसकिरहेको अवस्थालाई मध्येनजर गरि तपशिल बमोजीमका पिडितहरुलाई औषधी उपचार गर्न अन्य सामाजिक सहायता (आर्थिक सहायता) शिर्षकवाट खर्च हुने देहाय बमोजिमको आर्थिक सहायता गर्ने निर्णय गरियो ।

| क्र. सं. | नाम थर | ठेगाना | ना.प्र.नं. | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रुद्र प्रसाद पोखरेल | वडा नं. ५ | १४३०२६/४५४ | २५००० | कलेजो, फोक्सो क्यान्सर |
| २ | राज कुमार बर्देवा | वडा नं. ७ | | २५००० | |
| ३ | धनमाया परियार | वडा नं. ७ | | २५००० | |
| ४ | रुद्र परियार | वडा नं. ४ | १४१०३६/९२४१६ | १५००० | दुवै मृगोला |
| ५ | मिरा सार्की | वडा नं. ५ | ५३९२५ | १०००० | अण्डकोषमा समस्या |
| ६ | लाल बहादुर विश्वकर्मा | वडा नं. १० | | १५००० | ब्रेन ट्यूमर |

घ. यस कटारी नगरपालिकावाट नियुक्ति लिई कटारी अस्पतालमा कार्यरत कार्यालय सहयोगी कल्पना कुमारी तामाङ्गले मिति २०७९/०५/०५ गते कार्यरत पदवाट राजीनामा दिएको हुदाँ उक्त राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

ङ. यस न.पा. मा करारमा कार्यरत एम. आई. यस. कम्प्यूटर अपरेटर मेघराज राई मिति २०७९/०२/२५ गते स्वीकृत भ्रमण आदेश बमोजिम राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाले आयोजना गरेको VPN

सम्बन्धी कार्यक्रममा सहभागी हुन विराटनगर जाने क्रममा मिति २०७९/०२/२६ गते दुर्घटना भई उपचारका लागि मिति २०७९/०२/२६ देखि २०७९/०४/२६ गते सम्म विभिन्न मितिमा उपचारका लागि ३४ दिन बदा बस्नु परेकाले उक्त विदा स्वीकृत गर्ने निर्णय गरियो ।

च. विगतको समयमा प्रविधिक कर्मचारीहरुले प्रयोग गरि रहेको हलमा न्यायीक समितिको इजलास वनाउन प्राविधिक ल.ई. बमोजिम नगर कार्यक्रमबाट खर्च हुने गरि इजलास निर्माण गर्ने निर्णय गरियो ।

छ. भूमिहिन दलित, भूमिहिन सुकुमवासी र अव्यवस्थित बसोबासीहरुको आ.ब. २०७७/७८ मै लगत संकलन भइ सकेको तर भूमि सम्बन्धी समस्या आयोग विघटन भएकाले लागत प्रविष्टी हुन नसकेको हाल राष्ट्रिय भूमि आयोग, भूमिहिन दलित, भूमिहिन सुकुमवासी र अव्यवस्थित सेवा केन्द्र गठन भएकाले यथाशिघ्र लागत प्रविष्टी गर्नु पर्ने भएकाले न.पा. मा कर्मचारी अभाव भएकाले प्रति फारस रु १०० का दरले लागत प्रविष्टिको कार्य गर्नका लगाउने निर्णय गरियो ।

ज. यस कटारी नगरपालिकाद्वारा मिति २०७९/०५/०९ गते को वेरुजु फछ्र्यौट सम्वन्धी जारी गरेको सूचना बमोजिम यस न.पा. मा रहेको रहेको वेरुजु कायम भएकाहरुको नाम प्रकाशन गर्ने निर्णय गरियो।

झ. कटारी नगरपालिकाको वसपार्कका लागि निर्माण गर्न लागिएको वसपार्कमा नगर विकास कोषको आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिने वसपार्कको विस्तृत परियोजनाको लागि मिति २०७९ साल असार १२ गते नगर विकास कोष, कटारी न.पा. र लाईफटाइम ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. विच भएको सम्झौता अनुसार विस्तृत परियोजना विवरणको मु.अ. कर वाहेक रु १७,४७,०००।- (सत्र लाख सइचालीस हजार सात सय मात्र) मध्ये कटारी न.पा. बाट १०% बराबरको रकम मु.अ. कर वाहेक १,७४,७००।- (एक लाख चौहत्तर हजार सात सय मात्र) व्यहोर गरिने गरी सम्झौता भएको हुदाँ उक्त रकम कटारी नगरपालिकाको आ.ब. ०७९/८० को नगर कार्यक्रमबाट खर्च लेख्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

ञ. मिति २०७९ साल जेष्ठ १६ गते कटारी नगरपालिका र टेकमाईन्ड नेटवर्क प्रा.लि. विच नगरपालिकाको ५९ सामुदायिक विद्यालयहरुमा नन् डेडिकेटेड सेवा उपलब्ध गराउने र उक्त कार्य ३ महिना अर्थात मिति २०७९/०५/१५ गते सम्म कार्य सम्पन्न गर्ने भएको सम्झौता बमोजिम टेकमाईन्ड नेटवर्क प्रा.लि. ले ६० प्रतिशत कार्य सम्पन्न गरेको र ४० प्रतिशत कार्य गर्न हालको मनसुन, कार्यपालिका अन्तरगतका स्थानहरुको भौगोलिक वनावट, स्थानीय बजारमा सामानको अभावको कारण परियोजनाको शतप्रतिशत कार्य सम्पन्न गर्न कठिनाई भएकोले ३ महिनाको म्याद थपका लागि टेकमाईन्ड नेटवर्क प्रा.लि. ले माग गरेको हुदाँ उक्त संस्थालाई मिति २०७९ साल मंसिर १५ गते सम्ममा कार्य सम्पन्न गर्ने गरि समय थप गर्ने निर्णय गरियो ।

ट. किरात राई यायोख्या केन्द्रीय कार्यसमितिले ११ औ राष्ट्रिय महाधिवेसन गर्नका लागि आर्थिक सहयोग माग गरेको हुदाँ उक्त कार्य समितिलाई विविध शिर्षकवाट खर्च हुने गरी रु ५०,०००।- (पचास हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो ।

ठ. वडा नं. ७ को वुढावुढि, पाट्ने, खाडिखोप सडक खण्ड अविरल वर्षाका कारण जिर्ण भई सवारी साधन सञ्चलन गर्न कठिनाई भएकाले उक्त सड्क मर्मतका लागि नगरस्तरिय कार्यक्रमवाट खर्च हुने गरी रु २,००,०००।- (दुई लाख मात्र) दिने निर्णय गरियो।

ड. स्थानीय सुरक्षा निकाय अन्तरगत व्यारेक निर्माण तथा सुधार कार्यका लागि ९,९२,२६०.७० ल.ई भएकोमा स्थानिय सुरक्षा निकायमा विनियोजित भएको रकम अपुग भएकाले ल.ई वमोजिम वाँकी रकम नगर स्तरिय कार्यक्रमवाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो ।